# अर्थविभागको सूचना

## हवाईजहाजबाट आउने मालबारेको नियम

उपरोक्त विषयमा देहायबमोजिमको नियम २०१०।२।५ मा सदर भई आएकोले सूचना गरिएको छ। सोबमोजिम गर्नु गराउनुहोला।

(१) हवाईमार्गबाट आउने मालहरूमा र चलानीमा पाउनेको नाउँ ठेगाना स्पष्ट खुल्नुपर्छ। त्यसरी नाउँ ठेगाना नखुलेको प्रत्येक अद्दतमा मोहरु ५ जरिवाना गरी कम्पनीबाट नाउँ ठेगाना खुलाएर लिने गर्नू।

(२) तुरुन्त मालधनी आई छुटाएर नलगे भन्सार गोदाम दाखिल भएको माल ७ दिनभित्र छुटाएर लगे डिमारेज लिनुपर्दैन। त्यसपछि ८ दिनसम्म प्रति-अद्दत रु. १ र १५ दिनबाद ३० दिनसम्म प्रतिअद्दत रु. २ डिमारेज लिने गर्नू।

(३) मालधनीले सूचना पाएको ३० दिनभित्र पनि डेलीभरी नलिएमा त्यस्ता अद्दतहरू साक्षीको सामुन्ने खोली लिलाम बिक्री गरी त्यसबाट आएको रुपैयाँ-बाट सरकारको लाग्ने भन्सारमहसूल कटाई स्याहामा आमदानी बाँध्नू अरू बाँकी रुपैयाँ जनाउ म्याद पाएका मितिले बाटाका म्यादबाहेक ३५ दिनभित्र लिन नआए सदर स्याहा हुनेछ भन्ने महाजनलाई म्याद लेखी पठाउनू र म्यादभित्र लिन नआए सदर स्याहा गर्नू।

आज्ञाले—

हिमालयशमशेर,

सेक्रेटरी—अर्थविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।